नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्या:-

चलानी नं.:-

## प्रेस विज्ञप्ति

मिति २०८० कात्तिक १७ गते जाजरकोट जिल्ला, रामीडाँडा केन्द्रविन्दु बनाई गएको भूकम्प र त्यस पछिका पराकम्पनबाट भएको क्षति सम्बन्धमा यस मन्त्रालयको गम्भिर ध्यानआकर्षण भएको छ। भूकम्पबाट प्रभावितहरुको खोज, उद्धार र राहत सम्बन्धमा राष्ट्रिय रुपमा कृयाशील विकास साझेदारहरु (UNDP, IFRC, UNEPA, UNICEF, WFP, IOM, USAID, WVI Nepal, CARE Nepal, NSET, CRS, Mercy Corps, DP Net, Action Aid, DCA, Practical Action, BRC, UNHABITAT, GIZ, save the children, नेपाल रेडक्रस सोसाइटी, जाईका, कोईका लगायत) सँग माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यूको प्रमुख अतिथ्य तथा सचिवको संयोजकत्वमा Early Recovery Cluster र CBDRM (Community Base Disaster Risk Management Platform) को संयुक्त बैठक मिति २०८०/०७/२० गते सम्पन्न भएको छ ।

सो भूकम्पबाट भएको मानवीय क्षति तथा निजी सम्पत्ति र पूर्वाधारको क्षति प्रति दुःख व्यक्त गर्दै ज्यान गुमाउनु हुने व्यक्तिहरु प्रति हार्दिक श्रद्धाञ्जली, शोकाकुल परिवार र आफन्तजनहरुमा समवेदनाका साथै घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गरिन्छ ।

विपद् प्रभावित सम्पूर्ण परिवारलाई शीघ्र सामाजिक आर्थिक पुर्नलाभका कार्यक्रममा समेट्न, रोजगारी गुमाएका परिवार/व्यक्तिहरुलाई रोजगारी सृजना गर्न, पशुपालन व्यवसाय, कृषि व्यवसाय, साना, घरेलु तथा लघु उद्यम व्यवसाय, स्थानीय पूर्वाधारहरुमा (खानेपानी, विद्यालय, सिंचाई, सडक, बाटो संजाल लगायत पूर्वाधार) सहयोग गर्ने कार्यक्रमहरु संचालन गर्ने। Early Recovery चरणमा गर्नुपर्ने सुरक्षा, स्वास्थ्य तथा सरसफाई, मनोपरामर्श सम्बन्धी सचेतना/नागरिक शिक्षा सम्बन्धी कार्यहरुमा विशेष जोड दिने। भूकम्पबाट क्षति भएका निजी आवासहरुको भग्नावशेषहरुको सरसफाई, मृत पशुपंक्षीको उचित व्यवस्थापन गर्न स्वयंम सेवकहरु परिचालन गर्ने । विकास साझेदार तथा नेपाल रेडक्रस सोसाइटी लगायत यस क्षेत्रमा क्रियालशिल सामाजिक संघ संस्थाहरुको अन्य क्षेत्रमा रहेको स्रोतलाई पुनर्लभिको क्षेत्रमा परिचालन गर्न र सो काम गर्दा स्रोतको एकीकृत परिचालन गर्ने, एकरुपता कायम गर्ने। भुकम्प प्रभावित घर परिवारको क्षति/ हराएका व्यक्तिगत कागजातहरुको संकलन र संरक्षण गर्न आवश्यक सहजीकरणको लागि पालिकास्तरमा स्वयंम सेवकहरु परिचालन गर्ने। प्रभावित अति विपन्न परिवारहरुको न्यूनतम जीवनयापनका लागि आवश्यक पर्ने एक महिनाको खाद्यान्न बराबरको नगद सहायता जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस तथा स्थानीय विपद् व्यवस्थापन समितिको प्रत्यक्ष समन्वय तथा नियमनमा एकद्वार प्रणाली मार्फत परिचालन गर्ने निर्णय भएको छ। विपद् प्रभावित परिवारलाई शीघ्र पुर्नलाभका कार्यक्रम सञ्चालन गर्दा तीन तह सरकारको बीचमा समन्वय तथा सहजीकरण गर्न आवश्यक भएमा सोको समन्वय यस मन्त्रालयले गर्ने व्यहोरा समेत अनुरोध छ।

मिति: २०८०/०७/२०

कमल प्रसाद भट्टराई

नि.सचिव